CAREERINDIA

Language Code : **13**

इस पुस्तिका में **16** मुद्रित पृष्ठ हैं।
This booklet contains **16** Printed pages.

# SED-24-I

**प्रश्न-पत्र-I / PAPER-I**
**नेपाली भाषा परिशिष्ट**
**Nepali Language Supplement**
**भाग-IV & V / PART-IV & V**

मुख्य परीक्षा पुस्तिका संख्या / Main Test Booklet No.

मुख्य परीक्षा पुस्तिका कोड / Main Test Booklet Code
**J**

**इस परीक्षा पुस्तिका को तब तक न खोलें जब तक कहा न जाए।**
**Do not open this Test Booklet until you are asked to do so.**
**इस परीक्षा पुस्तिका के पिछले आवरण (पृष्ठ 15 व 16) पर दिए निर्देशों को ध्यान से पढ़ें।**
**Read carefully the Instructions on the Back Cover (Page 15 & 16) of this Test Booklet.**

**नेपाली में निर्देशों के लिए इस पुस्तिका का पृष्ठ 2 देखें। / FOR INSTRUCTIONS IN NEPALI SEE PAGE 2 OF THIS BOOKLET.**

## परीक्षार्थियों के लिए निर्देश

1. यह पुस्तिका मुख्य परीक्षा पुस्तिका की एक परिशिष्ट है, उन परीक्षार्थियों के लिए जो **या** तो भाग IV (भाषा I) **या** भाग V (भाषा II) **नेपाली** भाषा में देना चाहते हैं, लेकिन **दोनों नहीं**।
2. परीक्षार्थी भाग I एवं भाग II **या** III के उत्तर मुख्य परीक्षा पुस्तिका से दें और भाग IV व V के उत्तर उनके द्वारा चुनी भाषाओं से।
3. अंग्रेज़ी व हिन्दी भाषा पर प्रश्न मुख्य परीक्षा पुस्तिका में भाग IV व भाग V के अन्तर्गत दिए गए हैं। भाषा परिशिष्टों को आप अलग से माँग सकते हैं।
4. इस पृष्ठ पर विवरण अंकित करने एवं OMR उत्तर पत्र पर निशान लगाने के लिए **केवल काले/नीले बॉल पॉइंट पेन** का प्रयोग करें।
5. इस भाषा पुस्तिका का **संकेत** है **J**। यह सुनिश्चित कर लें कि इस भाषा परिशिष्ट पुस्तिका का संकेत, OMR उत्तर पत्र के **पृष्ठ-2** एवं मुख्य परीक्षा पुस्तिका पर छपे संकेत से मिलता है। अगर यह भिन्न हो, तो परीक्षार्थी दूसरी भाषा परिशिष्ट परीक्षा पुस्तिका लेने के लिए निरीक्षक को तुरन्त अवगत कराएँ।
6. इस परीक्षा पुस्तिका में **दो** भाग IV और V हैं, जिनमें **60** वस्तुनिष्ठ प्रश्न हैं, जो प्रत्येक 1 अंक का है :
   भाग-IV : भाषा-I (नेपाली) (प्र. 91 से प्र. 120)
   भाग-V : भाषा-II (नेपाली) (प्र. 121 से प्र. 150)
7. भाग-IV में भाषा-I के लिए 30 प्रश्न और भाग-V में भाषा-II के लिए 30 प्रश्न दिए गए हैं। इस परीक्षा पुस्तिका में केवल नेपाली भाषा से संबंधित प्रश्न दिए गए हैं। **यदि भाषा-I और/या भाषा-II में आपके द्वारा चुनी गई भाषा(एँ) नेपाली के अलावा है तो कृपया उस भाषा वाली परीक्षा पुस्तिका माँग लीजिए। जिन भाषाओं के प्रश्नों के उत्तर आप दे रहे हैं वह आवेदन पत्र में चुनी गई भाषाओं से अवश्य मेल खानी चाहिए।**
8. **परीक्षार्थी भाग-V (भाषा-II) के लिए, भाषा सूची से ऐसी भाषा चुनें जो उनके द्वारा भाषा-I (भाग-IV) में चुनी गई भाषा से भिन्न हो।**
9. रफ कार्य परीक्षा पुस्तिका में इस प्रयोजन के लिए दी गई खाली जगह पर ही करें।
10. सभी उत्तर केवल OMR उत्तर पत्र पर ही अंकित करें। अपने उत्तर ध्यानपूर्वक अंकित करें। उत्तर बदलने हेतु श्वेत रंजक का प्रयोग निषिद्ध है।

## INSTRUCTIONS FOR CANDIDATES

1. This booklet is a supplement to the Main Test Booklet for those candidates who wish to answer **EITHER** Part IV (Language I) **OR** Part V (Language II) in **NEPALI** language, but **NOT BOTH**.
2. Candidates are required to answer Part I and Part II **OR** III from the Main Test Booklet and Parts IV and V from the languages chosen by them.
3. Questions on English and Hindi languages for Part IV and Part V have been given in the Main Test Booklet. Language Supplements can be asked for separately.
4. Use **Black/Blue Ball Point Pen only** for writing particulars on this page/ marking responses in the OMR Answer Sheet.
5. The CODE for this Language Booklet is **J**. Make sure that the CODE printed on **Side-2** of the OMR Answer Sheet and on your Main Test Booklet is the same as that on this Language Supplement Test Booklet. In case of discrepancy, the candidate should immediately report the matter to the Invigilator for replacement of the Language Supplement Test Booklet.
6. This Test Booklet has **two** Parts, IV and V, consisting of **60** Objective Type Questions, each carrying 1 mark :
   Part-IV : Language-I (Nepali) (Q. 91 to Q. 120)
   Part-V : Language-II (Nepali) (Q. 121 to Q. 150)
7. Part-IV contains 30 questions for Language-I and Part-V contains 30 questions for Language-II. In this Test Booklet, only questions pertaining to Nepali language have been given. **In case the language/s you have opted for as Language-I and/or Language-II is a Language other than Nepali, please ask for a Test Booklet that contains questions on that language. The language being answered must tally with the languages opted for in your Application Form.**
8. **Candidates are required to attempt questions in Part-V (Language-II) in a language other than the one chosen as Language-I (in Part-IV) from the list of languages.**
9. Rough work should be done only in the space provided in the Test Booklet for the same.
10. The answers are to be recorded on the OMR Answer Sheet only. Mark your responses carefully. No whitener is allowed for changing answers.

परीक्षार्थी का नाम (बड़े अक्षरों में) : ____________________
Name of the Candidate (in Capitals) :

अनुक्रमांक : (अंकों में) / Roll Number : in figures ____________________
: शब्दों में / in words ____________________

परीक्षा केन्द्र (बड़े अक्षरों में) : ____________________
Centre of Examination (in Capitals) :

परीक्षार्थी के हस्ताक्षर : ____________________ निरीक्षक के हस्ताक्षर : ____________________
Candidate's Signature : Invigilator's Signature :

Facsimile Signature Stamp of
Centre Superintendent : ____________________

www.careerindia.com

CAREERINDIA

Language Code : **13**

यस पुस्तिकामा **16** पृष्ठ छन्।

# SED-24-I

**प्रश्नपत्र-I**

**नेपाली भाषा परिशिष्ट खण्ड**

**भाग IV र V**

**परीक्षा पुस्तिका संङ्केत**

**J**

**यो परीक्षा पुस्तिका तब मात्र खोल्नु होस् जब तपाईँलाई खोल्न भनिन्छ।**

**यस परीक्षा पुस्तिकाको पछिल्लो आवरणमा ( पृष्ठ 15 व 16 ) दिइएको निर्देश ध्यानले पढ्नु होस्।**

**परीक्षार्थीहरूका लागि निर्देश :**

1. यो पुस्तिका मुख्य परीक्षा पुस्तिकाको परिशिष्ट हो। ती परीक्षार्थीहरूका लागि जसले **कि** त भाग IV (भाषा I) **कि** भाग V (भाषा II) **नेपाली** भाषामा दिन सक्छन् तर **दुवैमा होइन**।
2. परीक्षार्थीले भाग I, II, III का उत्तर मुख्य परीक्षा पुस्तिकाबाट दिनु पर्छ र भाग IV र V का उत्तर उनीहरूले छानेको भाषाबाट।
3. अङ्ग्रेजी र हिन्दी भाषामा यी प्रश्न मुख्य परीक्षा पुस्तिकामा भाग IV र V अन्तर्गत दिइएका छन्। भाषा परिशिष्ट तपाईँ अलग्गै माग्न सक्नु हुने छ।
4. यस पृष्ठमा विवरण अङ्कित गर्न एवं उत्तर पुस्तिकामा चिह्न लगाउनका लागि **केवल निलो/कालो बल पोइन्ट पेन** मात्रै प्रयोग गर्नु होस्।
5. यो भाषा पुस्तिकाको **सङ्केत J** हो। के सुनिश्चित गर्नुहोस् भने यो भाषा परिशिष्ट पुस्तिकाको सङ्केत, OMR उत्तरपत्रको **पृष्ठ-2** एवं मुख्य परीक्षा पुस्तिकामा छापिएको सङ्केतसित मिल्छ। यदि यो भिन्नै छ भने परीक्षार्थीले दोस्रो भाषा परिशिष्ट परीक्षा पुस्तिका लिनका लागि निरीक्षकलाई तत्कालै जनाउनु पर्ने छ।
6. यस पुस्तिकामा **दुई** भाग IV र V छन्, जसमा **60** वटा वस्तुनिष्ठ प्रश्न छन् र ती प्रत्येक 1 अङ्कका छन्।

   **भाग - IV : भाषा - I ( नेपाली )** *(प्र. 91 बाट प्र. 120)*

   **भाग - V : भाषा - II ( नेपाली )** *(प्र. 121 बाट प्र. 150)*
7. **भाग - IV** मा भाषा - I का लागि 30 प्रश्न र भाग - V भाषा-II का लागि 30 प्रश्न दिइएका छन्। **यदि तपाईँको भाषा I वा II नेपालीका अतिरिक्त छ भने कृपया त्यस भाषासित सम्बन्धित परीक्षा पुस्तिका माग्नु होस् जुन तपाईँको आवेदन पत्रमा अङ्कित थियो।**
8. **परीक्षार्थीले भाग V ( भाषा II ) का लागि भाषा सूचीबाट यस्तो भाषा छान्नु पर्छ जो उनीद्वारा भाषा I (भाग IV ) मा छानिएको भाषाबाट भिन्न होस्।**
9. कच्चा काम परीक्षा पुस्तिकामा दिइएको खाली स्थानमा नै गर्नुहोस्।
10. सबै उत्तर केवल **OMR** उत्तर पत्रमा अङ्कित गर्नु होस्। आफ्नो उत्तर ध्यानपूर्वक अङ्कित गर्नु होस्। उत्तर बदल्नका लागि श्वेतरञ्जकको प्रयोग निषेध छ।

विद्यार्थीको नाम (ठुलो अक्षरमा) : ______________________

अनुक्रमाङ्क : अङ्कमा : ______________________

: शब्दमा : ______________________

परीक्षा केन्द्र : ______________________

परीक्षार्थीको हस्ताक्षर : ______________ निरीक्षकको हस्ताक्षर : ______________

Facsimile signature stamp of

Centre Superintendent ______________________

www.careerindia.com

परीक्षार्थीहरूले **भाषा–I** का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले **भाग–IV** ( **प्रश्न 91–120** ) का प्रश्नहरूको उत्तर दिनुपर्ने छ।

Candidates should attempt the questions from **Part-IV (Q.No. 91-120)**, if they have opted **NEPALI** as **Language-I** only.

www.careerindia.com

CAREERINDIA

## PART-IV

## LANGUAGE-I

## NEPALI

| |
|---|
| परीक्षार्थीहरूले **भाषा-I** का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले **भाग-IV ( प्रश्न 91-120 )** का प्रश्नहरूको उत्तर दिनुपर्ने छ। |

**निर्देश : तलको अनुच्छेद पढ्नु होस् अनि सोधिएका प्रश्नहरू (91 - 99) का सही उत्तर चिह्नित गर्नु होस् ।**

पहाडको बाटोमा एक्लै/हिँड्न निकै गाहारो पर्छ। मलाई दुई तीन दिनको यस्तै बाटो हिँड्नु थियो। तर मैले बाटोमा एउटा सिपाहीलाई फेला पारेँ, जसले मेरो यात्रा धेरै सुगम पाऱ्यो। पहिले उसले मलाई सोध्यो, 'ए बाबु तपाईँ कता हिँडेको?' एउटा परिचितले बोलाए झैँ पछिबाट हपाऱ्यो। मैले फर्केर हेरेँ। एउटा सिपाही फौजी पोसाक लाएको आफ्नो डेग छिटो छिटो अगाडि बढाउँदै मनेर आइरहेको थियो। फौजी सिपाहीको नृशंसताका सम्बन्धमा मैले धेरै सुनिराखेको थिएँ, त्यसै हुनाले सिपाहीसँग साथ छुटाउन सानो उत्तर 'इलाम' दिएर म अगाडि बढेँ। तर तबसम्म त्यो मनेर आइपुगेको थियो। 'ओहो', हाँस्ता सुनको पाताले बाँधेको अगाडिको दाँत प्रकाशमा टल्क्यो, 'म पनि उतै जान लागेको छु। आज दिनभरि त साथै हुने भयो; हगि दाइ?' बडो लापरवाहीले त्यसले भन्यो। कालो कोट, फौजी टोपी, खाकी प्यान्ट। त्यसको कालो कोटको जेबमा एउटा सस्तो फाउन्टेन पेनको क्लिप पनि टल्किरहेको थियो। क्विन एन घडी पनि त्यसका नाडीमा बाँधिएको थियो, जो उसको हात उठाउँदा-बोल्दाखेरि बिच बिचमा हात उठाउने उसको बानी थियो-देखिन्थ्यो। एउटा ठुलो रातो रुमाल आफ्नो घाँटीमा त्यसले बेरिराखेको थियो। 'म त सिपाही हुँ, तर तपाईँ -ईश्वरले झुट्टा नबोलाए-विद्यार्थी हुनु हुन्छ। होइन के?' मैले हाँसेर स्वीकार गरेँ।

**91.** 'विद्यार्थी' शब्दको सन्धि विच्छेद कसरी हुन्छ?
(1) विद्या+अर्थी (2) विधा+अर्थी (3) विद्+यार्थी (4) विध्+यार्थी

**92.** अनुच्छेदको बोध अनुसार तलको कुन कथन सही छ?
(1) सिपाही लेख्न जान्दैनथ्यो।
(2) कुराकानी अनुसार सिपाही लेखक भन्दा धेर उमेरको थियो।
(3) कुराकानी अनुसार सिपाही लेखक भन्दा थोर उमेरको थियो।
(4) सिपाही लेखकसित गाली गर्दै बोल्दथ्यो।

**93.** 'ईश्वरले झुट्टा नबोलाए'- यो कुन किसिमको उक्ति हो?
(1) कसम खाएको (2) ईश्वरभक्ति प्रदर्शन गरेको
(3) श्रोता व्यक्तिलाई जिस्क्याएको (4) आफूले भन्ने कुरामा विश्वास नभएको

**94.** 'मनेर' पदको निर्माण कसरी भएको छ?
(1) क्रियायोगीसित युक्त भएर (2) नामयोगी थपिएर
(3) सन्धि भएर (4) उपसर्ग लागेर

**95.** लेखकसित सिपाहीको परिचय कस्तो थियो?
(1) धेरै पुरानो चिनाजानी थियो।
(2) लेखकलाई पहिल्यैबाट सिपाहीले कतै देखेको थियो।
(3) लेखक प्रसिद्ध व्यक्ति हुनाले सिपाहीले पनि चिन्यो।
(4) लेखक र सिपाहीको यो पहिलो भेटघाट थियो।

www.careerindia.com

CAREERINDIA

96. 'डेग' भनेको के हो ?
(1) टेक्ने लौरो (2) बलियो शरीर
(3) मिलाउनका निम्ति बढाइएको हात (4) पाइला वा फड्को

97. सिपाहीको कस्तो बानी थियो ?
(1) जो सुकैसित बोलिहाल्ने (2) बोल्दा हात उठाउने
(3) अर्कालाई गाली गरेर बोल्ने (4) आफ्नो मान र पदको प्रदर्शन गर्न खोज्ने

98. लेखक इलाम गइरहेका थिए भने सिपाही कता गइरहेको थियो ?
(1) त्यसै डुल्न (2) कुनै छाउनीतिर (3) इलाम नै (4) बास बस्ने स्थानतिर

99. अनुच्छेदमा भिन्न भिन्न कतिवटा अङ्ग्रेजी शब्दहरूको प्रयोग भएको पाइन्छ ?
(1) पाँचवटा (2) नौवटा (3) सातवटा (4) एघारवटा

**निर्देश : तलको कविता पढ्नु होस् अनि सोधिएका प्रश्नहरू (100 - 105) का सही उत्तर चिह्नित गर्नु होस् ।**

आऊ, सँगसँगै बसेर चिसो पानी पिऊँ।
हो, त्यो कालो छ, तर के त ?
कालो कोठी टम्म भए हुन।
निहुँ के ? कालो छ त्यसैले वर्ज्य छ ?
हैन, – गोराको छाती कालो हुन सक्छ
कालोको सेतो हुन सक्छ।
जाल फार, आऊ, आज पानी पिऊँ।
हो, त्यससित थुप्रो छैन,
तिमीले जम्मा पारेका छौ,
त्यसमा त्यल्ले हात हाल्ला, डर त्यै न ?
उसलाई लोभी नबनाऊ, तिमी नडराऊ।
घर सल्कला भन्ने डर भए
आगो फाल जाऊ।
आऊ पानी पिऊँ।

100. 'वर्ज्य' शब्दको अर्थ के हो ?
(1) प्रिय (2) असङ्गत (3) अव्यवस्थित (4) त्याज्य

101. कवितामा कस्तो भाव अभिव्यक्त भएको छ ?
(1) राष्ट्रिय भावनायुक्त (2) विनाशकारी (3) जातीयतावादी (4) मानवतावादी

102. उपर्युक्त कवितामा 'पानी' ले कुन कुरा सङ्केत गरेको मान्न सकिन्छ ?
(1) शान्ति, मैत्री र समता (2) क्रान्ति, विद्रोह र युद्ध
(3) तरलता, स्वच्छता र विकास (4) अत्याचार, शोषण र व्यभिचार

103. 'गोराको छाती कालो हुन सक्छ' – यस वाक्यमा 'कालो' पदले के बुझाएको छ ?
(1) संहारकारी प्रवृत्ति (2) नकारात्मक स्वभाव, आचार र चरित्र
(3) अस्वाभाविकता तथा शारीरिक अपाङ्गता (4) विभेदक सीमारेखा

www.careerindia.com

CAREERINDIA

**104.** 'आगो फाल' पदावलीले के सन्देश बुझाएको मान्न सकिन्छ ?
(1) चाँडै मेलमिलाप गर।
(2) सम्पत्ति थुपारेर नराख।
(3) मनमा भएको द्वेष, नराम्रा विचार त्याग।
(4) सम्पत्तिमा आगो लगाइदेऊ।

**105.** कविले कसलाई 'लोभी नबनाऊ' भन्ने आग्रह गरेका छन् ?
(1) सुख सम्पत्ति थुपारेर बस्ने मानिसलाई
(2) घर सल्काउन अघि सर्ने मानिसलाई
(3) भौतिक रुपले विपन्न तथा कमजोर मानिसलाई
(4) चोर डाकाहरूलाई

**106.** मानव भाषाको निम्नलिखित कुन विशेषताका कारणले मानिसहरू ती विषयबारे कुरा गर्न सक्छन् जो तत्क्षण र स्थानमा उपस्थित रहेको हुन्न ?
(1) विस्थापन
(2) यादृच्छिक
(3) संरचनामा निर्भरता
(4) पृथकता

**107.** क्रसेनको निम्नलिखित परिकल्पना मध्ये कुन चाहिँ भायगोत्स्कीको ZPD सित मिल्दोजुल्दो छ ?
(1) निवेश सम्बन्धी परिकल्पना (इन्पुट हाइपोथेसिस्)
(2) मोनिटर परिकल्पना (मोनिटर हाइपोथेसिस्)
(3) प्राकृतिक अनुक्रमको परिकल्पना (नेचरल अर्डर हाइपोथेसिस्)
(4) भाववृत्ति शुद्धि परिकल्पना (एफैक्टिव् फिल्टर हाइपोथेसिस्)

**108.** उत्पादनशील शब्दावली के हो ?
(1) सुन्ने क्रममा चिनिएका शब्दहरू
(2) पढ्दा पङ्क्तिहरूदेखि बाहिर सूचित शब्दहरू
(3) लेख्दा अनि बोल्दा प्रयोग गरिने शब्दहरू
(4) पढ्नेलाई नयाँ लाग्ने शब्दहरू

**109.** निम्नलिखित मध्ये कुन चाहिँ दोस्रो भाषा शिक्षणको व्याकरण अनुवाद विधिको विशेषता होइन ?
(1) पहिलो र दोस्रो भाषाको व्याकरणिक नियमहरूको तुलना गर्नु
(2) दोस्रो भाषाका व्याकरणिक नियमहरू सिक्नु अनि अभ्यास वा प्रयोग गर्नु
(3) सोझै दोस्रो भाषामा सम्पर्क गर्नु अनि दुईवटा भाषाहरूका व्याकरणका नियमहरूको तुलना गर्नु
(4) भाषाको प्रकार्य भन्दा रूपमा बढी ध्यान दिनु

**110.** शिक्षक आफूले सोधेको प्रश्नको अनुभव आधारित उत्तर विद्यार्थीहरुले कसरी दिएका छन् भन्ने बारे उनीहरूलाई प्रतिक्रिया दिन लाउँछिन् अनि उत्तर लेख्दा उनीहरू के अनि कसरी सोचिरहेका थिए भन्ने कुरा सोच्छिन्।
यो कुन कुराको एउटा उदाहरण हो ?
(1) अधिसंज्ञान
(2) रूपक
(3) अधिभाषिकता
(4) अधिलक्षण

**111.** कुनै एउटा भाषिक समुदायका दुईवटा भिन्न-भिन्न सामाजिक-आर्थिक समूहका वक्ताहरूले अङ्ग्रेजी भाषाको वर्ण /S/ लाई भिन्न किसिमले उच्चारण गरेको पाइन्छ भने त्यो के को उदाहरण हो ?
(1) समाजभाषिक विविधता
(2) व्यावहारिक विविधता
(3) समाज-सांस्कृतिक विविधता
(4) समाज-मनोवैज्ञानिक विविधता

**112.** मातृभाषा आधारित बहुभाषिकताले कुन कुराको पक्ष लिन्छ ?
(1) सबै नानीहरूले आफ्नो मातृभाषा वा घरको भाषाबाट स्कुल पढ्न सुरु गर्छन्।
(2) सबै नानीहरूले राज्य भाषाबाट स्कुल पढ्न सुरु गर्छन्।
(3) सबै नानीहरूले अङ्ग्रेजी माध्यम अनि घरको भाषाबाट स्कुल पढ्न सुरु गर्छन्।
(4) सबै नानीहरूले आफ्नो पहिलो भाषाका रूपमा हिन्दी पढ्छन्।

www.careerindia.com

CAREERINDIA

**113.** भाषा अधिग्रहण उपकरण [LAD] – को अवधारणाले निम्नलिखित कुन चाहिँ कुराको वर्णन गर्दैन ?
(1) नानीहरू आफ्नो पहिलो भाषा कसरी सिक्छन्।
(2) नानीहरू 4 - 5 वर्षको छोटो अवधिमा कसरी भाषा सिक्न समर्थ हुन्छन्।
(3) नानीहरू लाक्षणिक भाषा कसरी सिक्छन्।
(4) किन नानीहरुको भाषिक उत्पादन उनीहरुले ग्रहण गरेका निवेश भन्दा धेर हुन्छ।

**114.** भाषिक रूपले भाषा अनि भाषिकाबारे निम्नलिखित कुन चाहिँ सही छ ?
(1) भाषामा लिखित साहित्य हुन्छ तर भाषिका केवल कथ्य परम्परामा आधारित रहन्छ।
(2) भाषा अनि भाषिका भाषिक रूपले भिन्न हुन् तर भौगोलिक रूपले समान हुन्।
(3) भाषाको आफ्नै लिपि हुन्छ तर भाषिकाको आफ्नो लिपि हुँदैन।
(4) भाषा र भाषिका माझ कुनै स्पष्ट भिन्नता हुँदैन।

**115.** क्युमिन्सको आपसी निर्भरताको परिकल्पना अनुसार निम्नलिखित कुनकुन एकाअर्कामा निर्भर छन् ?
(1) दोस्रो भाषामा बोध अनि रचना
(2) पहिलो अनि दोस्रो भाषामा संज्ञानात्मक शैक्षिक दक्षता
(3) दोस्रो भाषामा पढ्नु अनि लेख्नु
(4) पहिलो अनि दोस्रो भाषामा आधारभूत पारस्परिक कौशल

**116.** वर्ण र वर्णमालाको साटो शब्द अनि छोटा कथाका पाठहरूद्वारा पठन कौशल सुरु गर्ने कुरालाई निम्नलिखित कुनले पुष्टि गर्दैन ?
(1) सिकारु पाठकले साना एकाई भन्दा ठुला एकाईमा राम्रोसित ध्यान दिन सक्छन्।
(2) शब्द अनि पाठले अर्थपूर्ण सम्बन्ध स्थापित गर्दछ जो वर्णले गर्न सक्तैन।
(3) शब्द अनि पाठ धेर रुचिकर हुन्छन् तर वर्ण हुँदैन।
(4) शब्दहरू भन्दा भिन्न भिन्न वर्णहरू कण्ठस्थ गर्नु धेर कठिन हुन्छ।

**117.** निम्नलिखित मध्ये कुन चाहिँलाई बुझेर पढ्ने कौशलको चिह्न मानिँदैन ?
(1) एकएकवटा वर्ण/वर्णमालामा ध्यान पुऱ्याउनु
(2) अघिल्ला विषयबारे पूर्वानुमान गर्नु
(3) कुनै घटना वा विचारको क्रम समायोजन वा मूल्याङ्कन गर्नु
(4) मनमनै हालसम्म पढिएका पाठको सार झिक्नु

**118.** वीरा सात महिना पुगेकी नानी हो। उसले अब स्वर निकाल्न वा उच्चारण गर्न थालेकी छ जसमा व्यञ्जन अनि स्वर वर्ण सम्मिलित छन्। निम्नलिखित मध्ये कुन चाहिँको प्रयोगद्वारा उसले सम्प्रेषण गरिरहेकी छ ?
(1) स्वनिम (2) तोतेबोली (3) कुर्लाइ (4) भाषिक बोली

**119.** पाठ–बोध नीतिबारे निम्नलिखित मध्ये गलत भनाइ चिन्नुहोस –
(1) सर्सर्ती पढ्ने कार्यमा पाठ छिटो छिटो हेर्ने कुरा संलग्न रहन्छ भने रिट्ठो नबिराई पढ्ने कार्यमा विशेष सूचना हेर्ने कुरा संलग्न रहन्छ।
(2) सर्सर्ती पढ्नु भनेको गहन पठन हो भने रिट्ठो नबिराई पढ्नु भनेको सतही पठन हो।
(3) सर्सर्ती पढ्नु समीक्षाका लागि उपयुक्त हुन्छ भने रिट्ठो नबिराई पढ्नाले विशेष प्रश्नहरूको उत्तर लेख्न सहयोग पुऱ्याउँछ।
(4) सर्सर्ती पढ्नु अनि रिट्ठो नबिराई पढ्नु दुवैका लागि पाठमा द्रुतगतिमा दृष्टि पुऱ्याउने कुरा संलग्न रहन्छ।

**120.** आफू वरिपरि भएका वस्तु, घटना र इन्द्रिय गोचर तथ्यबारे सोध्न जब नानीले भाषाको प्रयोग गर्न थाल्छ तब निम्नलिखित कुन चाहिँ भाषिक प्रकार्यको प्रयोग अरू भन्दा धेर हुँदछ ?
(1) काल्पनिक (2) नियमित (3) सूचनात्मक (4) अन्वेषणात्मक

www.careerindia.com

परीक्षार्थीहरूले **भाषा–II** का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले **भाग–V** ( **प्रश्न 121–150** ) का प्रश्नहरूको उत्तर दिनुपर्ने छ।

Candidates should attempt the questions from **Part-V (Q.No. 121-150)**, if they have opted **NEPALI** as **Language-II** only.

www.careerindia.com

CAREERINDIA

# PART–V

## LANGUAGE–II

## NEPALI

परीक्षार्थीहरूले **भाषा–II** का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले **भाग–V ( प्रश्न 121-150 )** का प्रश्नहरूको उत्तर दिनुपर्ने छ।

**निर्देश : तलको अनुच्छेद पढ्नु होस् अनि सोधिएका प्रश्नहरू (121 - 128) का सही उत्तर चिह्नित गर्नु होस् ।**

शरीर बुढो हुन्छ, तर आत्मा अविनाशी हो; यो कहिल्यै बुढो हुँदैन। साँढेहरु पनि जवानीमा बलको खुब घमन्ड गर्छन्, तर बुढो भएपछि अत्यन्त दु:खित अवस्थामा एकै थलोमा बसेर राल काढिरहन्छन्। ठुला ठुला बलिया–बलिया धेरै मानिसहरूले पनि आफ्ना आफ्ना समयमा खुब दुन्दुभि मच्चाएका छन्, तर पछि उमेरले, रोगले औ चिन्ताले शिथिल भएर अत्यन्त सोचनीय अवस्थामा जीवन बिताउनु परेको छ। तर योगी, तपस्वी, महात्माहरू शान्त र साधारण जीवन बिताएर सधैँ आनन्दसँग रहेका छन्। आत्मिक बलको अघि शारीरिक बलको कहिल्यै केही चल्दैन। महात्मा गान्धीकै जीवन मात्र हेरेर पनि हामी उदाहरण पाउन सक्छौँ। उनी शरीरका खुब दुर्बल र क्षीण थिए, तर आत्मा यत्ति बलियो थियो, कुनै शक्तिले उनलाई डगमगाउन सकेन। अन्तमा आत्मबलले नै उनले संसारभरि शासन गर्ने ब्रिटिस साम्राज्यवादलाई ध्वंस बनाइदिए। गान्धीजीको क्षीण शरीरको अघि चर्चिलको बलिष्ठ शरीरले हार खानु पर्‍यो। यसैले हामीले हात्ती मार्न सक्ने बललाई महान् नमानी आत्मबल भएको साधारण मानिसलाई महान् सम्झिनु पर्छ, कारण आत्मबलको तुलनामा सबै नगण्य छन्। आध्यात्मिकताले मानिसलाई चिरसुख दिन्छ। यसैले मानिसले आत्माको विकासमा बढ्ता ध्यान दिनु पर्छ।

**121.** दुर्बल, क्षीण, आत्मा, शिथिल – यी शब्दहरूमा भएको समानता के हो?

(1) सबै तत्सम शब्द हुन्।
(2) सबै तद्भव शब्द हुन्।
(3) सबै 'जीवन' शब्दका अर्थबोधक छन्।
(4) सबै संज्ञा शब्द हुन्।

**122.** ब्रिटिस साम्राज्यवादलाई ध्वंस गर्न गान्धीजी किन सफल भए?

(1) चर्चिल शारीरिक रूपले बलिष्ठ हुनाले
(2) गान्धीजीमा आत्मिक बल भएकाले
(3) गान्धीजी महात्मा कहलाइएकाले
(4) गान्धीजीको नीति अगाडि ब्रिटिसका नीतिको तुलना नहुनाले

**123.** 'दुन्दुभि मच्चाउनु' भन्नाले के बुझिन्छ?

(1) होहल्ला गर्नु
(2) परोपकारी हुनु
(3) विजय प्राप्त गर्नु
(4) स्वाधीन हुनु

**124.** तलको कुन कथन अधिक सही छ?

(1) संसारमा अविनाशी भन्ने कुनै थोक हुँदैन।
(2) शारीरिक बलबारे कुनै व्याख्यान हुन सक्तैन।
(3) शारीरिक बलभन्दा आत्मिक बल ठुलो हो।
(4) मानवको शरीर अक्षयशील छ।

www.careerindia.com

125. 'आत्मा अविनाशी छ' भन्नाले के बुझिन्छ ?

(1) आत्मा अक्षयशील छ। (2) शरीर अक्षयशील छ।

(3) आत्मामा नै शरीरको बास छ। (4) आत्मा भनेको शरीरको प्राण हो।

126. 'बलिष्ठ' शब्दको विपरीत अर्थ प्रदान गर्ने शब्द कुन हो ?

(1) कनिष्ठ (2) वरिष्ठ (3) दरिद्र (4) दुर्बल

127. 'आत्मिक' शब्दको निर्माण कसरी भएको छ ?

(1) उपसर्ग लागेर (2) प्रत्यय जोडिएर

(3) समस्त पदका रूपमा (4) द्वित्व प्रक्रियाद्वारा

128. साँढेहरूले एकै ठाउँमा बसेर राल काढिरहनाका पछाडिको कारण के हो ?

(1) खाएको अन्न र घाँस उग्राउनु (2) लोभ गरिरहनु

(3) पशुमा भएको विवेकहीनता (4) शारीरिक दुर्बलता

**निर्देश : तलको अनुच्छेद पढ्नु होस् अनि सोधिएका प्रश्नहरू (129 - 135) का सही उत्तर चिह्नित गर्नु होस् ।**

मनको भाव व्यक्त गर्ने दुईवटा भाषिक तरिका छन् – एउटा बोलेर, अर्को लेखेर। रचनाका निम्ति चाहिने मूल तत्त्व भाषा हो। साङ्केतिक रूपमा पनि भाव प्रकट हुन्छ तापनि मनको भाव व्यक्त गर्ने सार्थक ध्वनिको समष्टि तथा लिखित अक्षरलाई नै भाषा भनिन्छ। भाषिक समाजद्वारा यादृच्छिक ध्वनि–प्रतीकका रूपमा स्वीकार गरेर भाषा प्रचलनमा आउँछ। भाषाका दुई किसिममा बोलिने भाषालाई 'कथ्य भाषा' र लेखिने भाषालाई 'लेख्य भाषा' भनिन्छ। कथ्य होस् वा लेख्य – भाषाद्वारा छिटो छरितो र प्रस्टसित भाव व्यक्त गर्न ठुलो मदत मिल्छ। यति सजिलोसित भाव प्रकाशन गर्ने अरू कुनै साधन छैन। भाषा मानिसको विचार व्यक्त गर्ने महत्त्वपूर्ण माध्यम हो, शक्ति र साधन हो। भाषाका मुख्य चार प्रयोजन छन्–ठिकसित बोल्नु, सम्झनु, पढ्नु र लेख्नु। भाषामा हुनु पर्ने आवश्यक गुण सिक्नु र जान्नु जरुरी छ। शैली, मधुरता, चमत्कार, कौशल वा सिप जस्ता कुराबारे पनि जान्नु आवश्यक छ। व्याकरणिक शुद्धतासित लेख्दै यी कुरामा पनि ध्यान पुऱ्याउनाले अभिव्यक्त गरिएका कुरा प्रभावकारी बन्दछन्।

129. कुनै नबुझिने विदेशी भाषाको चलचित्र त्यसमा दिइएका सब–टाइटल हेर्दै बुझ्छौँ भने त्यहाँ भाषाको कुन रूप वा प्रकारले काम गरिरहेको हुन्छ ?

(1) ध्वनि र सङ्केतको भाषा (2) औपचारिक भाषा

(3) कथ्य भाषा (4) लेख्य भाषा

130. अनुच्छेदमा मनको भाव व्यक्त गर्ने कतिवटा तरिकाको उल्लेख गरिएको छ ?

(1) दुईवटा (2) तीनवटा (3) चारवटा (4) एउटा

CAREERINDIA

**131.** दुईजना साथीहरू बाटामा हिँड्दै हिँड्दै बात मारिरहेका छन् भने उनीहरू भाषाको कुन प्रकारको प्रयोग गरिरहेका छन् ?

(1) लेख्य भाषा (2) कथ्य भाषा (3) औपचारिक भाषा (4) मातृभाषा

**132.** तलका मध्ये 'छरितो'–को विपरीतार्थक शब्द कुन हो ?

(1) लामो (2) लोसे (3) सुस्तरी (4) ढिलो

**133.** बोल्नु, लेख्नु र पढ्नु बाहेक भाषाको अर्को प्रयोजन के हो ?

(1) बोध वा बुझ्नु
(2) सम्झना गर्नु वा याद गर्नु
(3) चिन्नु तथा चिनाउनु
(4) सार झिक्नु वा व्याख्या

**134.** 'यादृच्छिक' भन्नाले के बुझिन्छ ?

(1) शास्त्रले निर्देश गरेको
(2) नियम पालन गरिएको
(3) ध्वनिका माध्यमले बुझिएको
(4) इच्छा अनुसारको वा स्वैच्छिक

**135.** अनुच्छेदका लेखिए अनुसार भाषा के हो ?

(1) लेख्य सामग्री
(2) बोलेर र लेखेर देखाइएका कुरा
(3) भाव प्रकाशनको साधन
(4) मानिसलाई शुद्धतासित लेखपढ सिकाउने शास्त्र

**136.** निम्नलिखित कुन चाहिँ सम्पर्कपरक विधिको विशेषता होइन ?

(1) प्रकार्य भन्दा रूपमा बढी केन्द्रित हुनु
(2) भाषाको सन्दर्भपरक प्रयोग गर्नु
(3) सुस्पष्ट रूपमा पढाउनको साटो व्याकरणका नियम पत्तो लाउनु
(4) सम्पर्कपरक दक्षताको विकास गर्नु

**137.** 'P' लाई 'b' वा '6' लाई '9' पढ्ने वा लेख्ने जस्ता सामान्य भुल गर्ने नानीहरूमा पाइने लक्षण के हो ?

(1) भक्भकाउने (2) एफेसिया (3) एनोमिया (4) डिस्लेक्सिया

**138.** निम्नलिखित मध्ये कुन चाहिँ रचनात्मक मूल्याङ्कनको उदाहरण होइन ?

(1) सत्रभरि नै मौखिक अनि लिखित कार्य, भूमिका खेल आदिको शृङ्खला चलिरहनु
(2) सत्रान्त पत्र लेखन
(3) बोधपरक लिखित जाँच अनि एउटा समयावधिमा छरेर गरिने अन्य केही कार्यहरूको योग
(4) सत्र भरि नै गरिने लघु जाँच देखि लिएर समकक्षी समीक्षा जस्ता मूल्याङ्कन नीति

www.careerindia.com

CAREERINDIA

**139.** आधारभूत पारस्परिक सम्पर्कपरक कौशललाई भनिन्छ __________ ।

(1) उच्च स्तरको भाषिक कौशल
(2) अमूर्त भाषा
(3) दैनन्दिन सम्पर्कका निम्ति प्रयोग गरिने भाषा
(4) अन्तरभाषा

**140.** निम्नलिखित मध्ये कुनले पाठ बोध अनि शब्दावली विकासमा सहयोग पुऱ्याउँदैन ?

(1) शब्द मानचित्र
(2) वर्णमाला चार्ट
(3) विषय मानचित्र
(4) चित्र शब्दकोश

**141.** निम्नलिखित मध्ये कुन चाहिँ भनाइ दुईवटा मुख्य प्रकारका मूल्याङ्कनबारे सही छ ?

(1) रचनात्मक मूल्याङ्कन अध्ययनको प्रकार्य भन्दा त्यसको रूपमा केन्द्रित रहन्छ।
(2) एकत्रित मूल्याङ्कन वर्षभरि भएका सबै प्रकारका मूल्याङ्कनको कुल योग हो।
(3) रचनात्मक मूल्याङ्कन अध्ययनका चरण सँगसँगै लगातार भइरहन्छ।
(4) एकत्रित मूल्याङ्कन अध्ययन अघि अनि अध्ययन चलिरहेका समयमा गरिन्छ।

**142.** कुनै निश्चित पाठगत विषयलाई बुझ्न जब एकजना सिकारु पाठकले कुनै पाठको विषयवस्तु, सांस्कृतिक पक्ष आदिबारे आफ्नो सामान्य ज्ञानको प्रयोग गर्छ, त्यसलाई के भनिन्छ ?

(1) ऊर्ध्व – अधोगामी (Top-down) पद्धति
(2) ऊर्ध्व – ऊर्ध्वगामी (Top-up) पद्धति
(3) तल – ऊर्ध्वगामी (Bottom-up) पद्धति
(4) तल – अधोगामी (Bottom-down) पद्धति

**143.** हिन्दी भाषी विद्यार्थीहरूलाई दोस्रो भाषाका रूपमा अङ्ग्रेजी पढाउँदा उनीहरूलाई कुनै स्पष्ट नियम नसिकाई अङ्ग्रेजीमा थोरै कुराकानी गरेर व्यस्त राख्न शिक्षक सन्दर्भ अनि अवसर प्रदान गर्छिन्। उनी तिनीहरूका अघि केही दृष्टान्त प्रस्तुत गर्छिन जसलाई उनीहरू आफ्नो कुराकानीमा प्रयोग गर्छन्। बिस्तारै शिक्षकको सहायताद्वारा उनीहरू आफै नियमहरू सिक्छन्। निम्नलिखित मध्ये कुन चाहिँ मोडल/पद्धति शिक्षकले अपनाइरहेकी छन ?

(1) व्याकरण अनुवाद विधि
(2) श्रव्य-भाषिक विधि
(3) सम्पर्कपरक पद्धति
(4) प्रत्यक्ष विधि

**144.** अध्ययनमा रहेका रिक्ततालाई बुझ्न त्रुटि-विश्लेषण महत्त्वपूर्ण रहन्छ, कारण :

(1) धेरैजसो त्रुटिहरू विद्यार्थीहरूका सम्वेदनहीन अभिवृत्तिका कारण हुने गर्दछ।
(2) त्रुटिहरू शिक्षार्थीको मानसका झ्याल हुन्-अनि अध्ययनको चरण हो।
(3) त्रुटिहरूले शिक्षार्थीहरूमा रहने बुझाइका कमीलाई देखाउँछ।
(4) त्रुटिहरूले अवधारणाको विकास र अभिप्रेरणा देखाउँछ।

CAREERINDIA

**145.** मूल्याङ्कनबारे निम्नलिखित मध्ये कुन सही होइन ?

(1) यसले विद्यार्थीको प्रगतिबारे समग्र दृष्टि प्रदान गर्छ।

(2) यसले विद्यार्थीको प्रदर्शनको निश्चित प्रमाण दिन्छ।

(3) यसले विद्यार्थीको प्रगतिको गति मूल्याङ्कन गर्न सहयोग गर्छ।

(4) यो केवल शिक्षकद्वारा मात्र गर्न सकिन्छ।

**146.** निम्नलिखित कुन चाहिँले एउटा समावेशी कक्षा सिर्जना गर्न सहयोग पुऱ्याउँदैन ?

(1) समकक्षी-समूह चर्चा अनि प्रभावी प्रतिक्रिया प्रणाली

(2) समूह-कार्य दिनु

(3) बहुभाषिक पद्धति अपनाउनु

(4) कुनै विद्यार्थीलाई मोनिटर राख्नु

**147.** निम्नलिखित कुनलाई बाल साहित्यका लागि एउटा वाञ्छनीय विशेषता मानिँदैन ?

(1) पशु पात्र

(2) स्पष्ट नैतिक मूल्य

(3) ठुला आकारका फन्ट अनि परिचित शब्दहरू

(4) आकर्षक चित्रावली

**148.** निम्नलिखित कुन चाहिँलाई अध्ययनको एउटा मुख्य कार्यक्षेत्र मानिँदैन ?

(1) संज्ञानात्मक (Cognitive)

(2) समाज-सांस्कृतिक (Socio-Cultural)

(3) प्रभावकारी (Affective)

(4) साइकोमोटर (Psychomotor)

**149.** बहुभाषिकता अनि बहुसांस्कृतिकताको प्रसार गर्न कथाको कुन विधा अत्यधिक प्रासङ्गिक रहन्छ ?

(1) लोककथा

(2) आत्मजीवनी

(3) विज्ञान कथा

(4) अतिकाल्पनिक कथा

**150.** स्टिफन क्रसेनको मोनिटर परिकल्पनाका सन्दर्भमा निम्नलिखित कुन सही होइन ?

(1) यो दोस्रो भाषा अधिग्रहणका सन्दर्भमा प्रयोग हुन्छ।

(2) यो अधिग्रहण अनि अध्ययन माझको सम्बन्धमा आधारित छ।

(3) आर्जन गरेका कुराले अध्ययन गर्ने कुरालाई नियन्त्रण गर्न सहयोग गर्छ।

(4) सिकारुमा प्रशस्त समय अनि नियमबारे प्रशस्त ज्ञान भए मात्र उसले मोनिटर गर्न सक्छ।

- o O o -

www.careerindia.com

SPACE FOR ROUGH WORK

www.careerindia.com

CAREERINDIA

**तल दिइएको निर्देशन ध्यानले पढ्नु होस्**

1. प्रश्नहरूका उत्तर कुन प्रकारले दिनु पर्ने हो भन्नेबारे उत्तर–पुस्तिकामा राम्ररी बुझाइएको छ, उत्तर दिनुभन्दा अघि ती राम्ररी पढ्नु होस्।

2. OMR को दोस्रो पातोमा दिइएका चार वैकल्पिक उत्तरहरूमध्ये केवल एउटा शुद्ध वृत्तलाई **निलो/कालो बल पेनले भरेर कालो** पार्नु होस्। एकपटक उत्तर कालो पारेपछि त्यसलाई सच्च्याउन पाइने छैन।

3. परीक्षार्थीले उत्तर पुस्तिका भाँचभुच गर्न पाउने छैनन्। कुनै पनि उत्तरमाथि कोरकार गर्न पाउने छैनन्। निर्दिष्ट गरिएको बाहेक अन्यत्र कतै आफ्नो रोल नम्बर लेख्न पाइने छैन।

4. OMR उत्तर पत्र तथा परीक्षा पुस्तिकालाई विशेष रूपले ध्यान दिनु होस्। कुनै कारणवश परीक्षा पुस्तिका र OMR उत्तर पत्रको कोड वा सङ्ख्या यताउता परे मात्रै अर्को परीक्षा पुस्तिका दिइने छ।

5. परीक्षार्थीले दिइएको OMR उत्तर पत्र/परीक्षा पुस्तिकामा कोड नम्बर आदि सही ढङ्गले लेख्नु पर्ने छ।

6. OMR उत्तर पुस्तिकामा दिइएका सूचनादि जाँच गर्ने र पढ्ने काम यन्त्रद्वारा गरिने हुँदा कुनै पनि सूचना अधुरो नरहोस् अनि प्रवेश पत्रमा दिइएको सूचनाभन्दा भिन्न पनि नहोस्।

7. परीक्षार्थीले परीक्षाको समयमा कुनै पाठ्यसामग्री, टङ्कित वस्तु, कागज, मोबाइल फोन र अन्य कुनै पनि विद्युतीय सामग्री आदि ल्याउन पाउने छैनन्।

8. मोबाइल फोन, वायरलेस संयन्त्र (स्विच अफ गरिएकै अवस्थामा भए पनि) अनि अन्य वर्जित वस्तुहरू परीक्षा कक्ष/हलमा ल्याउन पाइने छैन। यस निर्देशको पालना नगरिएमा परीक्षा नियमको पालना नगरिएको ठहर गरी कार्वाही गरिनेछ, जसमा परीक्षा नै रद्द हुने कुरासम्म संलग्न छ।

9. आवश्यक र उचित समयमा परीक्षार्थीले आफ्नो प्रवेश पत्र देखाउनु पर्ने छ।

10. निरीक्षकको अनुमति बिना परीक्षार्थीले बाहिर जान पाउने छैनन् वा परीक्षा भवन छोड्न सक्ने छैनन्।

11. परीक्षार्थीले उत्तर पुस्तिका नबुझाएसम्म परीक्षा भवन छोड्न पाउने छैनन्। परीक्षा भवन छोड्न अघि निरीक्षक पत्र, उपस्थिति पत्र आदिमा हस्ताक्षर गर्नु पर्ने छ। कुनै परीक्षार्थीले दोस्रो पल्ट उपस्थिति पत्रमा हस्ताक्षर गरेको छैन भने OMR उत्तर पत्र नफर्काएको मानिने छ र यो अनुचित मुद्दा ठहऱ्याइने छ। उपस्थिति पत्रमा दिइएको स्थानमा परीक्षार्थीले आफ्नो देब्रे हातको बुढी औँलाको छाप अवश्य लाउनु पर्ने छ।

12. कुनै पनि विद्युतीय उपकरण राख्नु निषेध छ।

13. परीक्षार्थीले बोर्डले दिएको निर्देशको पूर्ण रूपले पालन गर्नु पर्ने छ। कुनै तरिकाले नियम उल्लङ्घन भएमा बोर्डको नियमअनुसार दण्डको व्यवस्था गरिने छ।

14. प्रश्न पुस्तिकाको कुनै खण्ड च्यात्न वा अलग्गै पारी फटाउन पाइने छैन।

15. **परीक्षाको समाप्तिपछि परीक्षार्थीले सबै प्रकारले उत्तर पुस्तिका परीक्षकलाई बुझाउनुपर्ने छ तब मात्रै परीक्षा भवन छोड्न पाइने छ। परीक्षार्थीले कुनै पनि OMR उत्तर पुस्तिका साथमा लान पाउने छैनन्।**

www.careerindia.com

CAREERINDIA

## निम्नलिखित निर्देशों को ध्यान से पढ़ें :

1. जिस प्रकार से विभिन्न प्रश्नों के उत्तर दिए जाने हैं उसका वर्णन परीक्षा पुस्तिका में किया गया है, जिसे आप प्रश्नों का उत्तर देने से पहले ध्यान से पढ़ लें।
2. प्रत्येक प्रश्न के लिए दिए गए चार विकल्पों में से सही उत्तर के लिए OMR उत्तर पत्र के **पृष्ठ-2** पर केवल एक वृत्त को ही पूरी तरह **नीले/काले बॉल पॉइन्ट पेन** से भरें। एक बार उत्तर अंकित करने के बाद उसे बदला नहीं जा सकता है।
3. परीक्षार्थी सुनिश्चित करें कि इस OMR उत्तर पत्र को मोड़ा न जाए एवं उस पर कोई अन्य निशान न लगाएँ। परीक्षार्थी अपना अनुक्रमांक OMR उत्तर-पत्र में निर्धारित स्थान के अतिरिक्त अन्यत्र न लिखें।
4. परीक्षा पुस्तिका एवं OMR उत्तर पत्र का ध्यानपूर्वक प्रयोग करें, क्योंकि किसी भी परिस्थिति में (केवल परीक्षा पुस्तिका एवं OMR उत्तर पत्र के कोड या संख्या में भिन्नता की स्थिति को छोड़कर) दूसरी परीक्षा पुस्तिका उपलब्ध नहीं करायी जाएगी।
5. परीक्षा पुस्तिका/OMR उत्तर पत्र में दिए गए परीक्षा पुस्तिका कोड व संख्या को परीक्षार्थी सही तरीके से उपस्थिति-पत्र में लिखें।
6. OMR उत्तर पत्र में कोडित जानकारी को एक मशीन पढ़ेगी। इसलिए कोई भी सूचना अधूरी न छोड़ें और यह प्रवेश-पत्र में दी गई सूचना से भिन्न नहीं होनी चाहिए।
7. परीक्षार्थी द्वारा परीक्षा हॉल/कक्ष में प्रवेश-पत्र के सिवाय किसी प्रकार की पाठ्य-सामग्री, मुद्रित या हस्तलिखित, कागज़ की पर्चियाँ, पेजर, मोबाइल फोन, इलेक्ट्रॉनिक उपकरण या किसी अन्य प्रकार की सामग्री को ले जाने या उपयोग करने की अनुमति नहीं है।
8. मोबाइल फोन, बेतार संचार युक्तियाँ (स्विच ऑफ अवस्था में भी) और अन्य प्रतिबंधित वस्तुएँ परीक्षा हॉल/कक्ष में नहीं लाई जानी चाहिए। इस सूचना का पालन न होने पर इसे परीक्षा में अनुचित साधनों का प्रयोग माना जाएगा और परीक्षार्थी विरुद्ध कार्यवाही की जाएगी, परीक्षा रद्द करने सहित।
9. पूछे जाने पर प्रत्येक परीक्षार्थी, निरीक्षक को अपना प्रवेश-पत्र दिखाएँ।
10. केन्द्र अधीक्षक या निरीक्षक की विशेष अनुमति के बिना कोई परीक्षार्थी अपना स्थान न छोड़ें।
11. कार्यरत निरीक्षक को अपना OMR उत्तर पत्र दिए बिना एवं उपस्थिति-पत्र पर दुबारा हस्ताक्षर किए बिना परीक्षार्थी परीक्षा हॉल/कक्ष नहीं छोड़ेंगे। यदि किसी परीक्षार्थी ने दूसरी बार उपस्थिति-पत्र पर हस्ताक्षर नहीं किए, तो यह माना जाएगा कि उसने OMR उत्तर पत्र नहीं लौटाया है और यह अनुचित साधन का मामला माना जाएगा। **परीक्षार्थी अपने बाएँ हाथ के अंगूठे का निशान उपस्थिति-पत्र में दिए गए स्थान पर अवश्य लगाएँ।**
12. इलेक्ट्रॉनिक/हस्तचालित परिकलक का उपयोग वर्जित है।
13. परीक्षा हॉल/कक्ष में आचरण के लिए परीक्षार्थी परीक्षण संस्था के सभी नियमों एवं विनियमों द्वारा नियमित हैं। अनुचित साधनों के सभी मामलों का फैसला परीक्षण संस्था के नियमों एवं विनियमों के अनुसार होगा।
14. किसी भी परिस्थिति में परीक्षा पुस्तिका और OMR उत्तर पत्र का कोई भाग अलग न करें।
15. **परीक्षा सम्पन्न होने पर, परीक्षार्थी हॉल/कक्ष छोड़ने से पूर्व OMR उत्तर पत्र निरीक्षक को अवश्य सौंप दें।** ***परीक्षार्थी अपने साथ इस परीक्षा पुस्तिका को ले जा सकते हैं।***

## READ THE FOLLOWING INSTRUCTIONS CAREFULLY :

1. The manner in which the different questions are to be answered has been explained in the Test Booklet which you should read carefully before actually answering the questions.
2. Out of the four alternatives for each question, only one circle for the correct answer is to be darkened completely with **Blue / Black Ball Point Pen** on **Side-2** of the OMR Answer Sheet. The answer once marked is not liable to be changed.
3. The candidates should ensure that the OMR Answer Sheet is not folded. Do not make any stray marks on the OMR Answer Sheet. Do not write your Roll No. anywhere else except in the specified space in the OMR Answer Sheet.
4. Handle the Test Booklet and OMR Answer Sheet with care, as under no circumstances (except for discrepancy in Test Booklet Code or Number and OMR Answer Sheet Code or Number), another set will be provided.
5. The candidates will write the correct Test Booklet Code and Number as given in the Test Booklet/OMR Answer Sheet in the Attendance Sheet.
6. A machine will read the coded information in the OMR Answer Sheet. Hence, no information should be left incomplete and it should not be different from the information given in the Admit Card.
7. Candidates are not allowed to carry any textual material, printed or written, bits of papers, pager, mobile phone, electronic device or any other material except the Admit Card inside the examination hall/room.
8. Mobile phones, wireless communication devices (even in switched off mode) and the other banned items should not be brought in the examination halls/rooms. Failing to comply with this instruction, it will be considered as using unfair means in the examination and action will be taken against the candidate including cancellation of examination.
9. Each candidate must show on demand his/her Admit Card to the Invigilator.
10. No candidate, without special permission of the Centre Superintendent or Invigilator, should leave his/her seat.
11. The candidates should not leave the Examination Hall/Room without handing over their OMR Answer Sheet to the Invigilator on duty and sign the Attendance Sheet twice. Cases where candidate has not signed the Attendance Sheet second time will be deemed not to have handed over the OMR Answer Sheet and dealt with as an unfair means case. **The candidates are also required to put their left hand THUMB impression in the space provided in the Attendance Sheet.**
12. Use of Electronic/Manual Calculator is prohibited.
13. The candidates are governed by all Rules and Regulations of the Examining Body with regard to their conduct in the Examination Hall/Room. All cases of unfair means will be dealt with as per Rules and Regulations of the Examining Body.
14. No part of the Test Booklet and OMR Answer Sheet shall be detached under any circumstances.
15. **On completion of the test, the candidate must hand over the OMR Answer Sheet to the Invigilator in the Hall / Room.** ***The candidates are allowed to take away this Test Booklet with them.***

www.careerindia.com